विदुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विदुर, नुवाकोट
बागमती प्रदेश, नेपाल

प.सं: ०८०/८१
च.नं: ३५५४

☎०१०-५६००५३
☎०१०-५६०४६९


मितिः २०८०/१२/२७
ने.सं. ११४४ चौलाथ्व, १ मंगलबार

विषयः नतिजा प्रकाशन सम्बन्धमा।

श्री कक्षा ८ सञ्चालित विद्यालयहरु सबै
विदुर नगरपालिका, नुवाकोट।

प्रस्तुत विषयमा परीक्षा सञ्चालन तथा समन्वय समितिको मिति २०८०/१२/२७ गतेको निर्णयानुसार चालु शैक्षिक सत्रको आधारभूत तह (कक्षा-८) उत्तीर्ण परीक्षाको नतिजा प्रकाशन गरिएको छ। सम्बन्धित विद्यालयहरुले **emis.cehrd.gov.np** को **Managae Exam** को **Gradewise Ledger** मा गई नतिजा हेर्न र प्रिन्ट गरी नतिजाको जानकारी गर्नु गराउनु हुन अनुरोध छ। प्रकाशित नतिजा उपर चित्त नबुझी पुनर्योग गर्न चाहने परीक्षार्थीहरुले बढीमा दुई विषय सम्मको लागि नतिजा प्रकाशनको मितिले ७ (सात) दिनभित्र रु. २००/- राजस्व तिरेको भौचर र विद्यालयको सिफारिसपत्र सहित निवेदन पेस गर्न समेत अनुरोध गरिन्छ। साथै बढीमा २ (दुई) विषय सम्म **NG** प्राप्त गरेको परीक्षार्थीहरुका लागि मिति २०८१/०१/६ देखि ७ गतेसम्म ग्रेड वृद्धि परीक्षा सञ्चालन गरिने हुँदा सम्बन्धित विद्यालयले मिति २०८०/१२/३० गतेभित्र परीक्षामा सहभागी हुने परीक्षार्थी र विषय एकिन गरी एकमुष्ट रुपमा शिक्षा, युवा तथा खेलकुद शाखामा निवेदन पेस गर्नुहुन समेत जानकारी गराईन्छ।

१२/२६

(देवीप्रसाद अधिकारी)
शिक्षा शाखा प्रमुख
उपसचिव दशौं तह